नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

मितिः २०८२/०४/१८

## प्रयोगशाला एक्रडिटेशन सम्वन्धी प्रेस नोट

खाद्य तथा दाना पदार्थको नमूना विश्लेषण कार्यको विश्वसनीयता कायम राख्न तथा खाद्य पदार्थको निर्यातमा सहजीकरण तथा प्रबर्द्धन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले विभाग अन्तर्गतका खाद्य प्रयोगशालामा परीक्षण गरिने प्रतिवेदन Certificate of Analysis लाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न National Accreditation Board for Testing and Calibration Laboratories (NABL) द्वारा ISO/IEC 17025: 2017 बाट प्रत्यायन (एक्रिडिटेशन) गर्ने तथा त्यसको क्षेत्र विस्तार ( Accreditation Scope Extension गर्ने कार्य गर्दै आएको छ।

यस वर्ष यस विभागले विभाग अन्तर्गतको प्रयोगशालाको अन्तर्राष्ट्रिय मान्यता (Accreditation) प्राप्ति सन्दर्भमा महत्वपूर्ण कोशेढुंगाको रुपमा उपलब्धी हासिल गरेको छ। विभागले यस बर्ष २०८२ मा ३८६ बाट ८१४ वटा परिक्षण प्यारामिटरमा प्रत्यायन क्षेत्र बिस्तार (Accreditation Scope Extension) गरी महत्वपुर्ण उपलब्धि हासिल गरेको छ। यस स्तरको प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको सरकारी खाद्य प्रयोगशाला नेपालको सबै भन्दा धैरे एक्रिडिटेशन क्षेत्र भएको खाद्य प्रयोगशालाको रुपमा रहेको छ।

यस स्तरको प्रत्यायित प्रयोगशाला हुने विषय नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (DFTQC) को लागि गर्वको विषय रहेको छ। विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (National Food and Feed Reference Laboratory, NFFRL) को अन्तर्राष्ट्रिय मान्यता प्राप्तिले खाद्य तथा कृषिजन्य वस्तु निर्यातमा थप सहजीकरण तथा प्रवर्द्धन हुने विश्वास विभागले लिएको छ। साथै यस विभागको प्रयोगशाला सुविधालाई पूर्ण रुपमा सेवा लिन सबै निर्यातकर्तालाई विभागले अनुरोध गर्दछ।

विभाग अन्तर्गतको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (NFFRL) ले सन् २०१२ मा २७ वटा केमिकल प्यारामिटरबाट एक्रिडिटेशन कार्य शुरु भएकोमा सन् २०१५ मा २२ वटा केमिकल तथा १७ वटा माइक्रोबायोलोजिकल गरी ३९ वटा प्याराएमिटरबाट एक्रिडिटेशन भएको र सन् २०१९ मा ७८ वटा केमिकल तथा २४ वटा माइक्रोबायोलोजिकल गरी १०२ वटा परिक्षण प्यारामिटरको लागि NABL बाट एक्रिडिटेशन प्रमाणपत्र प्राप्त गरेको थियो।

सन् २०२३ मा २४५ वटा केमिकल तथा ४१ वटा माइक्रोबायोलोजिकल गरी २८६ वटा परीक्षण प्यारामिटरको लागि NABL बाट एक्रिडिटेशन भएको थियो। यसै गरी सोहि अवधिमा २८८ वटा केमिकल तथा ६२ वटा माइक्रोबायोलोजिकल गरी ३५० वटा प्यारामिटर भारतको फुड सेफ्टी एण्ड स्टाण्डर्ड

अथोरिटी (Food Safety and Standards Authority of India, FSSAI) बाट Integrated Laboratory Assessment भई FSSAI बाट प्रमाणपत्र प्राप्त भएको थियो।

नेपालको DFTQC र भारतको FSSAI बिच भएको MoU को आधारमा सन् २०२५ अप्रिल ०४ (२०८१ चैत्र २२ गते) मा FSSAI ले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (NFFRL) बाट परीक्षण भई प्रदान गरिने परिक्षण प्रमाण पत्र (Certificate of Analysis, COA) र खाद्य स्वच्छता तथा गुणस्तर निर्यात प्रमाण पत्र (Food Safety and Quality/Fit for Human Consumption Export Certificate) लाई भारतमा आयात प्रयोजनका लागि मान्यता दिने निर्णय गरी आदेश जारी (Order Issue) गरेको छ। भारतले पहिलो चरणमा विभिन्न ८ प्रकारको खाद्य पदार्थहरु जुस, जाम, जेली, अचार, क्याण्डी, तयारी चाउचाउ, अदुवा तथा ताजा तरकारी एवं फलफुल (Juice, Jam, Jelly, Pickles, Candies, Instant Noodles, Ginger and Fresh fruits and vegetables) को लागि प्रदान गरिने परीक्षण प्रतिवेदन (Certificate of Analysis, COA) लाई मान्यता प्रदान गर्ने निर्णय गरेको छ।

विगतमा सन् २०२४ सम्म विभागको NFFRL प्रयोगशालाको एक्रिडिटेशन क्षेत्र भित्र कुल २८६ वटा विश्लेषण प्यारामिटर मात्र रहेकोमा यस वर्ष सन् २०२५ (वि. सं. २०८२) मा बिभागले सो मा ब्यापक विस्तार गरी ६७२ वटा केमिकल पारामिटर तथा १४२ वटा माइक्रोबायोलोजिकल पारामिटर गरी कुल ८१४ वटा परिक्षण प्यारामिटरको लागि NABL बाट एक्रिडिटेशन क्षेत्र विस्तार गरि एकृडिटेशन प्रमाणपत्र प्राप्त गर्न सफल भएको छ। यसै गरी हालै विभागले ५३८ वटा केमिकल तथा १४२ वटा माइक्रोबायोलोजिकल गरी ६८० वटा प्यारामिटरको लागि FSSAI र NABL बाट एकिकृत प्रयोगशाला मुल्यांकन (Integrated Laboratory Assessment) भई FSSAI र NABL बाट मान्यता स्वरुप एकिकृत प्रत्यायन प्रमाणपत्र (Integrated Accreditation Certificate) प्राप्त गरेको छ।

यसै वर्ष २०८२ मा विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालामा परीक्षण हुने खाद्य तथा दाना पदार्थको २२ वटा खाद्य तथा दाना पदार्थ समूहहरु (Food Groups) का विभिन्न खाद्य तथा दाना पदार्थको प्रयोगशालामा परीक्षण गरिने सबै प्रकारका केमिकल तथा माइक्रोबायोलोजिकल परिक्षण प्यारामिटरहरुको लागि NABL बाट एक्रिडिटेशन प्रमाणपत्र प्राप्त गरेको छ।

त्यसै गरी बिभागमा परीक्षण हुने सबै प्रकारका खाद्य पदार्थहरुको केमिकल तथा माइक्रोबायोलोजिकल परिक्षण प्यारामिटरहरुको लागि FSSAI र NABL बाट एकिकृत प्रयोगशाला मुल्यांकन (Integrated Laboratory Assessment) भई FSSAI र NABL बाट मान्यता स्वरुप एकिकृत प्रत्यायन प्रमाणपत्र (Integrated Accreditation Certificate) प्राप्त गरी FSSAI बाट एक्रिडिटेशनको क्षेत्र विस्तार भएको छ।

राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाले फुड एडिटिभ तथा कन्टामिनेण्ट्स परीक्षण तर्फ १२३ वटा जीवनाशक विषादी अवशेषका प्यारामिटर, ११ वटा खाद्य रंगका प्यारामिटर, ३ वटा कृत्रिम गुलियो पदार्थ (Artificial Sweeteners) का प्यारामिटर, ६ वटा खाद्य परिरक्षी (Food Preservatives) का प्यारामिटर, ४ प्रकारका भिटामिनका प्यारामिटर, १९ वटा मेटल्स (Minerals and Heavy Metals) का प्यारामिटर, ८

वटा अफ्लाटक्सिनका प्यारामिटर लगायतका विभिन्न प्यारामिटर एक्रिडिटेशन क्षेत्र विस्तारमा अद्यावधिक भएको व्यहोरा जानकारी गराईन्छ।

यसका साथै विभाग अन्तर्गतका खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, बिराटनगरको खाद्य प्रयोगशाला पनि सन् २०२३ देखि विभिन्न ७ वटा खाद्य पदार्थको २३ वटा केमिकल प्यारामिटरमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने गरी NABL बाट एक्रिडिटेशन भएकोमा यस वर्ष सन् २०२५ मा सो एक्रिडिटेशनमा निरन्तरता तथा प्रत्यायन क्षेत्र विस्तार गर्दै विभिन्न ९ प्रकारका खाद्य पदार्थको ४६ वटा प्यारामिटरमा एक्रिडिटेशन क्षेत्र विस्तारका लागि परीक्षणको कार्य सम्पन्न भएको छ।

FSSAI र NABL बाट एकिकृत प्रयोगशाला मुल्यांकन (Integrated Laboratory Assessment) भई मान्यता स्वरुप एकिकृत प्रत्यायन प्रमाणपत्र (Integrated Accreditation Certificate) प्राप्त गरेको विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालामा परीक्षण हुने सबै २२ प्रकारका खाद्य पदार्थ समुहहरुको FSSAI ले खाद्य प्रविधि तथा गुण नियंत्रण विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (NFFRL) बाट प्रदान गरिने परिक्षण प्रमाण पत्र (Certificate of Analysis, COA) र खाद्य स्वच्छता तथा गुणस्तर निर्यात प्रमाण पत्र (Food Safety and Quality/Fit for Human Consumption Export Certificate) लाई नेपालबाट भारतमा निर्यात प्रयोजनका लागि मान्यता प्रदान गर्ने गरी आदेश जारी (Order Issue) गर्न विभागले FSSAI लाई पत्र पठाएको छ। FSSAI बाट छिटै नै सो आदेश जारी हुनेमा विभाग बिश्वस्त छ।

यस वर्ष "खाद्य पदार्थमा स्वच्छताः विज्ञानको अपरिहार्यता" भन्ने नारा सहित विश्व खाद्य स्वच्छता दिवस, २०२५ मनाइएको सन्दर्भमा विभाग अन्तर्गतको खाद्य प्रयोगशालाको प्रत्यायन तथा FSSAI बाट Integrated Laboratory Assessment भई एक्रिडिटेशनको क्षेत्र विस्तार सहित प्रयोगशाला सवलीकरण भएको र यसले विश्लेषण परीक्षणको विश्वसनीयता अभिवृद्धिका साथै खाद्य तथा कृषिजन्य पदार्थको निर्यातमा सहजीकरण तथा प्रबर्द्धन हुने बारेमा सम्बन्धित सरोकारवालालाई सुसूचित गर्न पत्रकार मित्रहरुको महत्वपूर्ण भूमिका रहने भएकोले यहाँहरु सबैको सहयोग, सहकार्य, संचार संवाह एवं सम्प्रेषणको अपेक्षा गर्दै सम्पूर्ण पत्रकार मित्रहरु प्रति धन्यवाद ज्ञापन गर्दै जानकारीको लागि यो प्रेस नोट जारी गरिएको छ।

यस विभाग अन्तर्गतको खाद्य प्रयोगशालालाई अन्तराष्ट्रिय स्तरको मान्यता प्राप्त गर्न उल्लेख्य रुपमा एक्रिडिटेशन क्षेत्र विस्तार गर्न र एक्रिडिटेशन प्रमाणपत्र एकिकृत समेत प्राप्त गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबै सरकारी निकायहरु, सरोकारवालाहरु तथा यस कार्यमा महत्वपुर्ण योगदान पुर्याउने विभागका सम्पुर्ण कार्मचारीहरुलाई विभागिय प्रमुखको हैसियतले महानिर्देशक संजीव कुमार कर्णले व्यक्तिगत तथा विभागको तर्फबाट विशेष धन्यवाद समेत प्रदान गर्न चाहेको ब्यहोरा जानकारी गराउँदै यस महत्वपूर्ण उपलब्धिको निरन्तरताको लागि सदा झै सहयोगका लागि विभाग अनुरोध गर्दछ।

मोहन कृष्ण महर्जन
प्रवक्ता
२०८२/०४/१८